**मिति २०७६ असाढ १८ गते बसेको नगरसभाको अन्तिम बन्दसत्रबाट देहाय बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो ।**

**प्रस्ताव तथा निर्णयहरू :**

**निर्णय नं. १ :** वार्षिक नीति तथा कार्यक्रमबाट सम्बोधन गरिएका विषयमा सम्बन्धित निकायमा आयोजना माग गर्न एवं केन्द्रिय समपूरक तथा विशेष अनुदान आयोजनामा समावेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

क) गोदावरी नगरपालिका भित्र साविक गा.वि.स. देखि ऐलानी जग्गा भोगचलन गर्दै आईरहेकोमा सबै वडाका वासिन्दाहरुको जग्गाको नापजाँच भईरहेकोले उक्त जग्गाको पुर्जा उपलब्ध गराउन सम्बन्धित निकाय समक्ष आयोग गठनका लागि प्रदेश सरकार मार्फत नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

ख) ग्वासी समैजी देखि गोलादेउ सम्मको क्षेत्र गोदावरी धामलाई धार्मिक स्थलको रुपमा पहिचान गर्न DPR निर्माण, गरि आवश्यक पूर्वाधार निर्माण गर्न पर्यटन बोर्ड मार्फत सो क्षेत्रको पहिचान र पूर्वाधार निर्माणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

ग) गोदावरीधाम देखि बतासे डाँडा (वडा नं. ४) सम्मको क्षेत्रमा केवलकार सञ्चालनका लागि DPR र आवश्यक संरचना निर्माणका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

घ) गोदावरी नगरपालिका अर्न्तगत गोदावरी क्षेत्रलाई सुदूरपश्चिम प्रदेशको राजधानी समेत तोकि सकिएको हुदाँ सेमिनार तथा गोष्ठी सञ्चालनका लागि सिटी हल निर्माण गर्नको लागि नेपाल सरकार सहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** गोदावरी नगरपालिकाको आगामी आ.व. २०७६/७७ मा आवधिक योजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** गोदावरी नगरपालिकाका नगर प्रमुख श्री हरिसिंह साउँदज्यूको तर्फबाट पेश भएको गोदावरी नगरपालिकाको आ.व. २०७५/०७६ को यर्थाथ तथा संशोधिक आय व्यय विवरण, आ.व. २०७६/०७७ को लागि प्रस्तावित वार्षिक आय व्यय विवरण र आ.व. २०७६/०७७ को प्रस्तावित एकिकृत थप अनुमान पारित गर्ने निर्णय गरियो । सोको विवरण अनुसूचि १, २ र ३ मा राखिएको छ ।

**निर्णय नं. ४ :** गोदावरी नगरपालिकाको आ.व. २०७६/०७७ को वडा स्तरिय योजना तथा कार्यक्रम नगर स्तरिय योजना तथा कार्यक्रम, विषयगत शाखाबाट पेश भई कार्यपालिकाबाट विनियोजित कार्यक्रमहरु स्विकृत गर्ने निर्णय गरियो । योजनाको विवरण अनुसूचि ४ र ५ मा राखिएको छ ।

**निर्णय नं. ५ :** गोदावरी नगरपालिकाले चालु आ.व. २०७५/०७६ मा नगर कार्यपालिकाबाट र नगर प्रमुखबाट भए गरेका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** समपूरक कोष (Matching Fund) मा राखिएको रकम विभिन्न दातृ निकाय, संघसंस्थाहरुसंग साझेदारी मा कार्यक्रम सञ्चालनका लागि समायोजन गरी खर्च गर्न नगर प्रमुख तथा नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** नगरसभाबाट देहाय बमोजिमको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

**देहाय :**

क) स्विकृत वार्षिक नगर विकास कार्यक्रम तथा बजेटलाई प्राथमिकता र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट, हेरफेर वा परिमार्जन गर्ने ।

ख) नगरपालिकाका श्रोतहरुको सम्भावनाको आधारमा राजस्व परामर्श समितिको सिफारिसमा कर, दस्तुर, महसुल शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याई कर कार्यम गर्ने ।

ग) नगरकार्यपालिकाको तर्फबाट लक्षित वार्षिक उदेश्य पुरा हुने गरी सहयोगी दातृ निकाय एवं साझेदार संघ, संस्थाहरुसंग नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम साझेदारी गर्ने ।

**निर्णय नं. ८ :** गोदावरी नगरपालिका र वडा कार्यालय संग सम्झौता भई विशेष परिस्थिति उत्पन्न भई हुन नसकेका आयोजनाहरुको म्याद थप गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :** गोदावरी नगरपालिकाको तेस्रो नगर सभामा सम्पन्न गर्न अतिरिक्त समयमा खटिएका नगरपालिका र अर्न्तगतका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई खाईपाई आएको मासिक शुरु तलब स्केलको १० दिन बराबरको रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :** गोदावरी नगरपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा शहरी स्वास्थ्य क्लिनिक, स्वास्थ्य चौकीमा अस्थायी, सेवा करार र मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा करार नविकरण गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :** नगरपालिकामा देहाय बमोजिमका थप समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

**क) लेखा समिति**

| | | |
|---|---|---|
| कृष्णराज जोशी | - | संयोजक |
| मान बहादुर चौधरी | - | सदस्य |
| बल बहादुर चौधरी | - | सदस्य |
| आ.ले.प.शाखा प्रमुख | - | सदस्य सचिव |

**ख) सुशासन समिति**

| | | |
|---|---|---|
| धन बहादुर खड्का | - | संयोजक |
| जय बहादुर बोहरा | - | सदस्य |
| गंगा बुढा | - | सदस्य |
| प्रशासन शाखा प्रमुख | - | सदस्य सचिव |

**निर्णय नं. १२ :** विगतका स्थानिय निकायका स्थायी कर्मचारीहरुको निजामती कर्मचारी सरह नै सावधिक जिवन बिमा कोष रकम थप तथा कट्टी गरी बिमा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १३ :** आ.व. २०७५/७६ मा न्यायिक समितिको प्राप्त प्रतिवेदन अनुसार ५ वटा मेलमिलाप केन्द्र समेतको सहकार्यमा न्यायिक समितिमा ७१ वटा उजुरी दर्ता भएकोमा ६२

वटा उजुरीहरु मेलमिलापको माध्यमबाट फछ्र्यौट भएको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** गोदावरी नगरपालिका कार्यालयको भवन निर्माण तथा पार्किङ्गको लागि थप ५ कट्टा जग्गा नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन कार्यका लागि देहाय बमोजिम मिति २०७६/०१/०१ गते देखि लिईएको देहायको शुल्क अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय :**

**१. आवासिय घर**

आवासिय घर मासिक रु ५०  शुल्क लाग्ने छ ।

**२. होटेल, रेष्टुरेन्ट तथा कटेजहरु**

होटल, रेष्टुरेन्ट तथा कटेजहरुको क्षमताको आधारमा मासिक शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | आवाश सहितको होटल | २००/- |
| २ | अन्य होटल,कटेज ,रेष्टुरेन्ट | १५०/- |

**३. सरकारी तथा प्राईभेट विद्यालय**

विद्यालयहरुलाई देहाय बमोजिम वर्गिकरण गरी मासिक शुल्क निर्धारण गरिएको छ :

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | प्रा. वि, नि.मा.वि, मा. वि. | १००/- |
| २ | + टु मात्रै | १५०/- |
| ३ | मा.वि. तथा + टु | १५०/- |
| ४ | क्याम्पस/कलेज | २००/- |

**४. सरकारी तथा प्राईभेट अस्पताल**

अस्पतालहरुलाई देहाय बमोजिम वर्गिकरण गरी मासिक शुल्क निर्धारण गरिएको छ :

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | सामान्य क्लिनिकहरु सहितको औषधि पसल | २००/- |
| २ | १ देखी १० सैया सम्मको अस्पताल | २५००/- |
| ३ | १० देखी २५ सैया सम्मको अस्पताल | ३०००/- |
| ४ | २५ देखी ५० सैया  सम्मको अस्पताल | ५०००/- |
| ५ | ५० देखी माथि सैया भएको अस्पताल | ५०००/- भन्दा माथि |

**५. सरकारी तथा प्राईभेट कार्यालयहरु**

| क्र.सं. | वर्गीकरण | कार्यपालिका |
|---|---|---|
| १ | सरकारी कार्यालयहरुमा | २००/- |
| २ | प्राइभेट कार्यालय | १००/- |

**७. किराना तथा अन्य व्यवसाय**

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | किराना पसल | १२५/- |
| २ | फेन्सी, कपडा तथा स्टेशनरी | १००/- |
| ३ | अन्य व्यापार / व्यवसाय | १००/- |

८. NGO/INGO को कार्यालय

| क्र.सं. | वर्गीकरण | कार्यपालिका |
|---|---|---|
| १ | राष्ट्रिय गैह्र सरकारी संस्था | १५०/- |
| २ | अन्तराष्ट्रिय गैह्र सरकारी संस्था | २००/- |

**९. सहकारी, विमा तथा वित्तिय संघ संस्थाहरु**

सहकारी, विमा कम्पनि तथा वित्तिय संस्थाहरुको शुल्क निर्धारण देहाय बमोजिम गरिएको छ :

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | सहकारी संस्था | १००/- |
| २ | विमा कम्पनि | १००/- |
| ३. | वित्तिय संस्थाहरु(प्राइभेट तथा सरकारी बैक) | १५०/- |

**१० चिया/नास्ता व्यवसाय**

| क्र.सं. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | घुम्ती पसल | ५०/- |
| २ | सटरमा पसल | ५०/- |
| ३ | चाट पसल | ५०/- |
| ४ | मीठाई पसल | १००/- |
| ५ | खोका, छाप्रा | ५०/- |

**११. तरकारी बजार तथा मासु पसल**

तरकारी तथा तरकारी बजारको लागी देहाय बमोजिम शुल्क निर्धारण गरिएको छ :

| क्र.स. | वर्गिकरण | कार्यपालिका |
|---|---|---|
| १ | खुद्रा पसल | १००/- |
| २ | थोक पसल,तरकारी मण्डी | १००/- |
| ३. | मासु पसल | १५०/- |

**निर्णय नं. १५ :** यस गोदावरी नगरपालिका नगर शिक्षा ऐन २०७५ मा देहाय बमोजिमको दफामा उल्लेख भएका कुराहरु संशोधन गरी कायम गर्ने निर्णय गरियो ।

**देहाय :**

| पेज नं. | दफा | नगर शिक्षा ऐन २०७५ मा भएको | नगर शिक्षा ऐन २०७५ मा संशोधन गरिएको |
|---|---|---|---|
| ५१ | १२ (छ) | नगर शिक्षा अधिकारी | शिक्षा शाखा प्रमुख राख्ने । |
| ५३ | २१ (७) | विद्यमान व्यवस्थापन समितिको म्याद सिद्धिन भन्दा कम्तीमा एक महिना अगावै | ऐन, संसोधन भएको मितिले यथाशिघ्र वि.व्य.स. गठन नभएका विद्यालयहरुले गठन गरि सक्नुपर्नेछ । |
| ५३ | २१ (१) घ | सम्बन्धीत क्षेत्रको विद्यालय निरीक्षक | हटाईएको छ । |
| ५३ | २१ (९) घ | सम्बन्धीत क्षेत्रको विद्यालय निरीक्षक | शिक्षा शाखाको शाखा अधिकृत - सदस्य |
| ५७ | ३५, ३५ (१) | शिक्षक यूनियन शिक्षक यूनियन | शिक्षक महासंघ शिक्षक महासंघ |